प्रदेश सरकार
पर्यटनवन तथा वातावरण, मन्त्रालय
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
तरहरासुनसरी,
कोशी प्रदेशनेपाल,

पत्र संख्या: २०८१ ०८२
चलानी नम्बर:

## वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरा, सुनसरीको चमेना गृह संचालनका लागि शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(कोशीपत्र दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित मिति २०८१/०८/१४ गते)

यस केन्द्रको तालिम हल,आवास तथा चमेना गृह सञ्चालन सम्बन्धि कार्यविधि,२०८१ अनुसार १ वर्ष अवधिका लागि केन्द्रको परिसरभित्र प्रशिक्षक/प्रशिक्षार्थी आवास भवनमा भएको चमेना गृहबाट केन्द्रका कर्मचारी,प्रशिक्षार्थी,प्रशिक्षक तथा अतिथिहरुलाई व्यवस्थापन समितिले निर्धारण गरेको मापदण्ड अनुसारको सुलभ दरमा स्वस्थ्यकर भोजन (चिया, खाजा,खाना आदी) उपलब्ध गराउने प्रयोजनका लागि चमेना गृहको विद्युत र पानीको महसुल बाहेक वार्षिक न्युनतम शुल्क रु. ४०,०००।- (चालिस हजार) बाट बढावढ गर्ने गरी शिलबन्दी दरभाउ पत्र आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ती वा फर्म/कम्पनी/होटल/रेष्टुरेण्ट संचालकहरुले यस केन्द्रमा सूचीकृत भई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्रमा प्रदेश वन निर्देशनालय,धरान र यस केन्द्रबाट बोलपत्र खरिद गरी १६ औं दिन (सार्वजनिक विदा परेमा सोको भोलि पल्ट) कार्यालय समय भित्र दरभाउपत्र खरिद गरेको कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्न आहान गरिएको छ । रित नपुगेको र म्याद नाघि आएका दरभाउपत्रहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत अवगत गराइन्छ । यो सूचना यस केन्द्रको वेबसाइट frtc.koshi.gov.np मा समेत उपलब्ध छ ।

### शर्तहरु

१) कोशीपत्र दैनिक पत्रिकामा सूचना प्रकाशन भएको मिति २०८१/०८/१४ ले १५ (पन्द्र) औं दिन मिति २०८१/०८/२८ गते सम्म यस कार्यालय र वन निर्देशनालय,धरानबाट तोकिएको मूल्य रु. ३००।-(फिर्ता नहुने गरी) । तिरी दरभाउपत्र खरिद गर्न सकिने छ।

२) बोलपत्र खरीद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/होटल/रेष्टुरेण्ट संचालकहरुको दिएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी/स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ताको प्रमाणपत्र प्रतिलिपी कागजात पेश गर्नु पर्नेछ ।

३) खरिद गरिएका दरभाउपत्रहरु रितपुर्वक भरी सिलबन्दी/लाहाछाप गरेर मिति २०८१/०८/२९ गते (सार्वजनिक विदा परेमा भोलिपल्ट) सम्ममा कार्यालय समय भित्र बोलपत्र खरिद गरिएके कार्यालय/निकायमा दाखिला गर्नु पर्नेछ ।

४) जसको नाममा बिक्रि भएको दरभाउपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नु पर्नेछ। साथै दरभाउपत्र खरिद कर्ताले अनिवार्य रुपमा आफ्नो सम्पर्क मोबाइल नं/इमेल ठेगाना बोलपत्र फारममा उल्लेख गरेको हुनु पर्नेछ ।



CamScanner

प्रदेश सरकार
पर्यटनवन तथा वातावरण , मन्त्रालय
# वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
तरहरासुनसरी ,
कोशी प्रदेशनेपाल ,

पत्र संख्या: २०८१ ०८२
चलानी नम्वर:

५) दरभाउपत्रको साथमा कबोल गरेको वार्षिक रकमको कम्तीमा १०% ले हुने धरौटी रकम, प्रदेश लेखा नियन्त्रक कार्यालय सुनसरी स्थित खाता नं. २२२०१००२०२०३०००० , कार्यालय कोड नं. ३२९०११४०३१ मा जम्मा गरी सो को सक्कल भौचर वा कम्तिमा १ वर्ष सम्मको रितपूर्वकको बैंक ग्यारेन्टी वा बैंक ड्राफ्ट सिलबन्दी गरिएको खाम भित्र समावेश हुनु पर्नेछ। धरौटी रकम अनिवार्य रुपमा प्रतिस्पर्धा गर्न चाहने व्यक्ती/फर्म/कम्पनी/होटल/रेष्टुरेण्टको नामबाट दाखिला भएको हुनुपर्नेछ । अरु व्यक्ती वा फर्मको नाममा दाखिला भएको भौचर/बैंक ग्यारेन्टी/ वा बैंक ड्राफ्ट मान्य हुने छैन।

६) दरभाउपत्र दाखिला गर्ने अवधि सम्ममा नेपाल सरकार/प्रदेश सरकारबाट यस सँग सम्वन्धित नियममा कुनै संशोधन भएमा सोही अनुसार हुनेछ ।

७) दरभाउपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ

८) दरभाउपत्रमा र सो सम्वन्धि कागजातहरुमा दरभाउपत्रमा दाता वा फर्मको सहीछाप भई नआएमा, सिल खोलिएको वा टुटफूट भएकोमा सो दरभाउपत्रमा अमान्य हुनेछ ।

९) चमेना गृह जहाँ, जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सञ्चालन गर्नुपर्नेछ ।

१०) चमेना गृह संचालकको लागि भान्सा कोठा १, भण्डार कोठा १, खाना खाने टेवल कुर्सी सहितको डाईनिङ्गहल १ मात्र उपलब्ध हुनेछ । अन्य आवश्यक सामाग्रीहरु (ग्याँस सिलिण्डर, ग्याँस चुल्हो, पकाउने भाँडाकुडा, थाल, कचौरा, प्लेट आदी) चमेना गृह संचालक स्वयंले व्यवस्था गर्नुपर्ने छ ।

११) चमेना गृहमा प्रयोग भएको विद्युतको वील (सव-मिटर अनुसार) र पानीको वील प्रयोग अनुसार चमेना गृह संचालकले व्यहोर्नु पर्नेछ ।

१२) चमेना गृह सञ्चालकले व्यवस्थापन समितिले निर्धारण गरेको दररेट नवढ्ने गरी मूल्यसूची तयार गरी सवैले देख्ने गरी मूल्यसूची टाँस गर्नु पर्नेछ ।तोकिएको मूल्यसूचीमा स्वच्छ, ताजा र सफा चिया, खाजा र खाना उपलब्ध गराउनु पर्नेछ ।

१३) चमेना गृहबाट निस्कने प्लाष्टिकजन्य, सिसाजन्य, तथा कुहिने फोहरलाई छुट्टछुट्टै राखी उचित तवरले व्यवस्थापन गर्ने जिम्मेवारी चमेना गृह संचालकको हुनेछ ।

१४) चमेना गृहबाट जाँड, रक्सी, चुरोट, सूर्ति, खैनी जस्ता मद्यपान र धुम्रपानजन्य सामाग्री वेचविखन गर्न पाईनै छैन ।

१५) निर्देशक वा व्यवस्थापन समिति वा निर्देशकले तोकेको कुनै कर्मचारीले समय समयमा अनुगमन गरी चमेना गृहलाई दिएको सुझाव चमेना गृह संचालकले अनिवार्य पालना गर्नु पर्नेछ ।

१६) चमेना गृहलाई चिया, खाजा र खाना खुवाउने देखि वाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाईने छैन ।



CamScanner

प्रदेश सरकार
पर्यटनवन तथा वातावरण , मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
तरहरासुनसरी ,
कोशी प्रदेशनेपाल ,

पत्र संख्या: २०८१ ०८२
चलानी नम्बर:

१७। केन्द्रले उपलब्ध गराएको टेवल, कुर्सी, पानीको धाराको टुटी, बत्तीको होल्डर, पावर सकेट आदी लगायतका सामाग्री टुटफुट भएमा वा हराएमा वा नासिएमा चमेना गृह संचालकले आफ्नै खर्चमा सोको मर्मत सम्भार तथा व्यवस्थापन गर्नु पर्नेछ ।

१८। कार्यालय खुलेको समय भित्र चमेना गृह सम्बन्धित स्थलमा गई हेर्न र थप जानकारी लिन सकिनेछ ।

१९। दाखिला हुन आएका दरभाउपत्रमा हरु दाखिला भएको भोलिपल्ट बिहान ११:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

२१। सकारकर्ताले दरभाउपत्र स्विकृत भएको जानकारी प्राप्त भएको मितिले बढिमा दिन ७ (सात) भित्र सकार गरेको रकमको कम्तीमा २५ प्रतिशत (प्रदेश संचित कोषको रा.बा. बैंक स्थित खाता नं. १०००१००२०१०१०००१ कोड नं ३२९०११४०३१ राजश्व शिर्षक नं. ३३३६१) मा वा तोकिएको खातामा दाखिला गर्नु पर्नेछ ।

२२। सम्बन्धित कार्यालयहरुबाट बिक्रि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

२३। म्याद नाघी, शर्त राखी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

२४। बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङ्घन भएमा बोलपत्र अमान्य हुनेछ ।

२५। बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहनेछ ।

२६। उपर्युक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस केन्द्रले गर्न सक्नेछ। सो को जानकारी यस केन्द्रको वेवसाइट frtc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ ।

१८। अन्य शर्तहरुको हकमा तालिम हल, आवास तथा चमेना गृह सञ्चालन कार्यविधि २०८१ ,तथा प्रचलित ऐन, नियम अनुसार हुनेछ । कार्यविधि यस केन्द्रको वेवसाइटमा उपलब्ध छ ।

ईति सम्बत् २०८१ साल मंसिर १४ गते रोज ६ शुभम् ।

फोन नं. ९८४२२१९०४४ (सूचना अधिकारी) इमेल: rftcbiratnagar@gmail.com वेबसाइट: frtc.koshi.gov.np

CamScanner